मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २६ गते मंगलबार (Tuesday, 10 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## निर्वाचन प्रहरीको बिदाइ बिहीबार

**काठमाडौँ, फागुन २५।** यही फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काठमाडौँ उपत्यकामा परिचालन गरिएका निर्वाचन प्रहरीको बिहीबार बिदाइ गरिने भएको छ ।

निर्वाचनको सुरक्षाका लागि काठमाडौँमा तीन हजार ८५४, भक्तपुरमा एक हजार ९३ तथा ललितपुरमा एक हजार ५९६ निर्वाचन प्रहरी परिचालन गरिएको नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले

*(बाँकी अन्तिम पृष्ठमा)*

# दुई तिहाइको यात्रामा रास्वपा

**झापा, फागुन २५।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचन परिणाम सार्वजनिक हुने क्रमसँगै चमात्कारिक जित हासिल गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाईको यात्रा लगभग तय गरेको छ ।

नेपालको संसदीय इतिहासमै प्रत्यक्ष र समानुपातिक दुबैतर्फ रास्वपाले पाएको मतमा रेकर्ड ब्रेक गरेको छ । दुबैतर्फ अत्यधिक सिट लिएर उसले लगभग दुई तिहाइ बहुमत सुनिश्चित गरेको छ । मत गणनाको शुरुवाती क्षणबाटै रास्वपाले बलियो बहुमतको यात्रा तय गरेको थियो । अहिले मतगणनाको करिब अन्तिम क्षणमा उसले दुई तिहाइ सुनिश्चित गरेको हो ।

रास्वपाले प्रत्यक्षतर्फ १६५ सिटमध्ये एक सय २५ सिटमा जित हासिल गरेको छ । १६४ सिटको नतिजा सार्वजनिक भइसकेको छ । रास्वपाले समानुपातिकतर्फ पनि वर्चश्व कायम गरेको छ । सो पार्टीले हालसम्मको मत गणनामा एकल रुपमा ४८.०१ प्रतिशत मत पाएको छ । एक करोड मत गन्दा रास्वपाले ५० लाखको हाराहारीमा मत पाएको हो ।

अघिल्लो संसदमा सबैभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस प्रत्यक्षतर्फ १८ सिटमा खुम्चिएको छ । कांग्रेसले समानुपातिकमा १६प्रतिशत मत प्राप्त गरेको छ । सरकारको नेतृत्व गरेको दल एमाले भने प्रत्यक्षतर्फ ८ सिटमा सीमित बनेको छ । एक स्थानमा उसको अग्रता छ । समानुपातिकमा एमालेले १३प्रतिशतको हाराहारीमा मत प्राप्त गरेको छ ।

नेपाली कम्युनिष्ट पार्टीले सात स्थानमा जित हासिल गर्दा ७ प्रतिशतकै हाराहारीमा समानुपातिकको मत प्राप्त



गरेको छ । श्रम संस्कृति पार्टीले छोटो समयमै संसदीय यात्रा सुनिश्चित गरेको छ । उसले प्रत्यक्षतर्फ ३ सिट जितेको छ भने समानुपातिकमा ३.५० प्रतिशतको हाराहारीमा मत पाएको छ ।

राप्रपाले भने प्रत्यक्षतर्फ १ सिट मात्र जितेको छ । उसले मुस्किलले समानुपातिकतर्फ 'थ्रेड होल्ड' कटाएको छ । स्वतन्त्रतर्फ म्याग्दीमा महावीर पुन विजयी बनेका छन् । प्रत्यक्षतर्फ धनुषा-१को मत परिणाम घोषणा स्थगन गरिएको छ ।

**रास्वपाको तीन ऐतिहासिक रेकर्ड**

यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक रेकर्ड बनाएको छ । प्रत्यक्षतर्फ निर्वाचित सिट संख्या र प्रतिशतको आधारमा रास्वपाले रेकर्ड कायम गरेको हो ।

हालसम्म आयोगको आधिकारिक मतपरिणाम अनुसार रास्वपाले १६५ निर्वाचन क्षेत्रमध्ये १२४ सिटमा जित हासिल गरिसकेको छ भने एउटा सिटमा अग्रता कायम छ । एउटै पार्टीबाट प्रत्यक्षतर्फ यति धेरै निर्वाचित भएको संख्या इतिहासमा पहिलोपटक हो ।

यसअघि २०६४ सालको निर्वाचनमा तत्कालीन माओवादीले १२० सिटमा जित हासिल गरेको थियो । तर, त्यतिबेला नेपालमा २४० वटा निर्वाचन क्षेत्र रहेको थियो । अहिले १६५ निर्वाचन क्षेत्रमै रास्वपाले त्योभन्दा धेरैको रेकर्ड बनाएको हो ।

प्रत्यक्षतर्फ निर्वाचित प्रतिशत पनि रास्वपाले बनाएको अर्को रेकर्ड हो । १२५ सिटमा जित निकाल्नु भनेको ७५.७५ प्रतिशत सिट जित्नु हो, जुन अहिलेसम्मकै सबैभन्दा धेरै हो । यसअघि २०१५ सालमा भएको पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले १०९ मध्ये ७४ सिटमा जित हासिल गरेको थियो । यो ६७.८९ प्रतिशत बराबर हो । त्यसपछिका कुनै पनि चुनावमा त्योभन्दा राम्रो परिणाम प्राप्त भएको थिएन ।

२०४८ सालको निर्वाचनमा २०५ सिट रहेकोमा कांग्रेसले ११० सिट जितेको थियो । यो ५३.६५ प्रतिशत हो । २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको एमालेले २०५ मध्ये ८८ सिट जितेको थियो, यो ४२.९३ प्रतिशत हो ।

२०५६ सालमा भएको निर्वाचनमा कांग्रेसले २०५ मध्ये १११ सिटमा जित निकालेको थियो । यो ५४.१५ प्रतिशत बराबर हो । २०६४ सालमा माओवादीले २४० मध्ये १२० सिटमा जित हासिल गरेको थियो, जुन ५० प्रतिशत हो । सो समयमा माओवादीसँग समानुपातिकतर्फ समेत गरी २२० सांसद थिए, जुन संख्याको आधारमा अहिलेसम्मकै धेरै हो ।

२०७० सालमा कांग्रेस ठूलो दल बन्यो । उसले २४० सिटमध्ये १०५ सिटमा जित हासिल गरेको थियो जुन ४३.७५ प्रतिशत हो । २०७४ सालमा एमालेले १६५ सिटमध्ये ८० सिटमा जित हासिल गरेको थियो । त्यतिबेला माओवादीले ३६ सिटमा जित हासिल गरेको थियो । २०७९ सालमा कांग्रेसले १६५मध्ये ५७ सिटमा जित निकालेको थियो, जुन ३४.५५ प्रतिशत हो ।

त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीमार्फत एउटै पार्टीले सबैभन्दा धेरै मत ल्याएको यो पहिलोपटक हो । अहिलेसम्म गणना भएको मत अनुसार रास्वपाले ५० लाखको हाराहारीमा मत पाएको छ । जबकि यसभन्दा अघि २०७४ सालमा एमालेले ३१ लाख ७३ हजार मत ल्याएको थियो । २०६४ सालमा माओवादीले ३१ लाख ४४ हजार, २०७० सालमा कांग्रेसले २४ लाख १८ हजार र २०७९ सालमा एमालेले सबैभन्दा धेरै २७ लाख ९१ हजार मत ल्याएको थियो ।

## इलाम १मा कांग्रेसका निष्कल राई विजयी



**झापा, फागुन २५।** इलाम क्षेत्र नम्वर १मा नेपाली कांग्रेसका उम्मेदवार निष्कल राई निर्वाचित भएका छन् ।

१४ हजार ५ सय ४३ मत प्राप्त गर्दै राई प्रतिनिधिसभा सदस्यको निर्वाचनमा निर्वाचित भएका हुन् । उनका प्रतिष्पर्धी श्रम संस्कृति पार्टीका बिनोद नेम्वाङ लिम्बूले १३ हजार ६ सय ४२ मत प्राप्त गरेका छन् ।

यता नेकपा एमालेका उम्मेदवार काजीमान कागतेले ११ हजार ९ सय ६६ मत प्राप्त गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विमल गदालले भने ९ हजार १ सय ६० मत प्राप्त गरेका छन् ।

## ५५ जना उम्मेदवारले १०० मत कटाएनन्

**धरान, फागुन २५।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार निर्वाचन क्षेत्र रहेको सुनसरीबाट उम्मेदवारी दिएकामध्ये आधाले १०० मत पनि कटाउन सकेनन् । जिल्लाका चार निर्वाचन क्षेत्रमा ११० जना उम्मेदवार थिए । जसमध्ये ३८ जना स्वतन्त्र उम्मेदवार थिए भने ७२ जना विभिन्न राजनीतिक दलका उम्मेदवार थिए । चार निर्वाचन क्षेत्रमा ५५ जना उम्मेदवारले १०० मत पनि कटाउन नसकेका हुन् ।

सुनसरी निर्वाचन क्षेत्र नं. १मा १५ जना उम्मेदवारले १०० भन्दा कम मत प्राप्त गरेका छन् । सय मत नकटाउनेमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का दिलबहादुर बाँस्तोलाले ९४, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजकुमार लिम्बूले ८३, नेपाली जनश्रमदान संस्कृति पार्टीका राजकुमार लिम्बूले ८३, नेपाल मजदुर किसान पार्टीका महेश श्रेष्ठले ६३, जनता समाजवादी पार्टी, नेपालका सञ्जय राईले ५३, आम जनता पार्टीका रामबहादुर बिष्ट ५२, मङ्गोल नेशनल अर्गनाइजेशनका राजेन्द्र गुरुङ ४६, नेपाल जनमुक्ति पार्टीका यामबहादुर लिम्बू २७, मितेरी पार्टी नेपालका रक्षकुमार राईले १७ तथा स्वतन्त्र उम्मेदवारहरूमा देउमान लिम्बू ७४, सुमित राई ६९, जीवनकला राई ३७, शेषप्रसाद रेग्मी १७ र चेतबहादुर राईले १७ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



यस क्षेत्रमा स्वतन्त्र उम्मेदवार ओमकृष्ण उदासले सबैभन्दा कम नौ मत प्राप्त गरेका छन् । साथै यस क्षेत्रमा एक हजारभन्दा कम मत ल्याउनेमा उज्यालो नेपाल पार्टीका डम्बर लावती ५९०, जनता समाजवादी पार्टीका नगेन्द्रबहादुर लिम्बू २०२, राष्ट्रिय साझा पार्टी भूपि राई १९१, संयुक्त नागरिक पार्टी नरेश विक १२५ र स्वतन्त्रका सुवास विश्वकर्माले १०७ मत प्राप्त गरेका हुन् ।

सुनसरी-२मा भने ११ जना बढी उम्मेदवार ५० मतभन्दा कममा सीमित भएका छन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार स्वतन्त्र रोशनी राई दुई, भीमबहादुर दाहाल स्वतन्त्र ६, स्वतन्त्रबाट नवराज पौडेल ४५, नेपाल कम्युनिष्ट पार्टीका अतित नेपाल ३१, आम जनता पार्टी (एकल चुनाव चिन्ह) निरञ्जन ठाकुर २८, स्वतन्त्रका देवेन्द्र पौडेल २०, स्वतन्त्रका अञ्जनादेवी गुप्ता १८, स्वतन्त्र राजकुमार खत्री १४, स्वतन्त्र सत्यनारायण पण्डित १०, स्वतन्त्र डम्बरबहादुर बराइली ६ र नेपाल मजदुर किसान पार्टीका गीतामैयाँ बजिको १४ मत प्राप्त गरेका हुन् ।

सुनसरी-३मा १० जनाले सयभन्दा कम मत प्राप्त गरेका छन् भने ६ जनाले ५०० भन्दा कम प्राप्त गरेका छन् । रामनारायण थारू जनमत पार्टी ३८९, जागेश्वर यादव उज्यालो नेपाल पार्टी २८६, किशोरकुमार विश्वास समावेशी समाजवादी पार्टी नेपाल २२५, बद्रीप्रसाद यादव जनता समाजवादी पार्टी, नेपाल १७७, आसुतोष ढुङ्गेल नेपाल कम्युनिष्ट पार्टी (माओवादी) १४० र प्रमोद पौड्याल प्रगतिशील लोकतान्त्रिक पार्टी ११९ मत प्राप्त गरेका छन् ।

सुनसरी-४ मा १८ जनाले सयभन्दा कम मत ल्याएका छन् । तवरेज आलम अन्सारी आम जनता पार्टी ८७, मनकुमार राई मङ्गोल नेशनल अर्गनाइजेसन ७४, रमेशकुमार साह नेपाल जनता पार्टी ६३, अङ्कित कार्की स्वतन्त्र ४९, सत्यनारायण लहुटिया नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)३९, तेजनारायण गोइत स्वतन्त्र

*(बाँकी अन्तिम पृष्ठमा)*

## बालेनको चुनाव खर्च १४ लाख १७ हजार रुपैयाँ

**झापा, फागुन २५।** झापा क्षेत्र नम्बर ५बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित बालेन्द्र शाहले आफ्नो निर्वाचन खर्च विवरण सार्वजनिक गरेका छन् ।

निर्वाचन प्रतिनिधिमार्फत जिल्ला निर्वाचन कार्यालयमा पेश गरिएको विवरण अनुसार शाहले निर्वाचन अभियानका क्रममा कूल १४ लाख १७ हजार ७२९ रुपैयाँ खर्च भएको उल्लेख छ ।

पेश गरिएको विवरणमा विभिन्न शीर्षकमा खर्च गरिएको रकम समेटिएको छ । उनले निर्वाचन प्रचारप्रसारका क्रममा सवारीसाधन भाडामा १५ दिनका लागि दुई वटा सवारी प्रयोग गर्दा २ लाख ३३ हजार ५ सय रुपैयाँ, हवाई भाडामा पाँचपटकका लागि ३५ हजार रुपैयाँ, तथा मतदाता प्रशिक्षण कार्यक्रमको खाजा खर्च शीर्षकमा २६ हजार ९ सय ७० रुपैयाँ खर्च भएको उल्लेख छ ।

त्यस्तै वडास्तरीय प्रचार कार्यक्रम तथा घरदैलो अभियान सञ्चालन गर्न ४ लाख ५० हजार रुपैयाँ खर्च भएको विवरणमा उल्लेख गरिएको छ । नमूना मतपत्र छपाइका लागि ४४ हजार ५ सय ५०



रुपैयाँ खर्च गरिएको विवरणमा उल्लेख छ । निर्वाचन अभियानका क्रममा कार्यालय सञ्चालनका लागि पानी खर्च शीर्षकमा २ महिनामा ९० हजार रुपैयाँ र स्टेशनरी खर्च शीर्षकमा २९ हजार ६७० रुपैयाँ खर्च भएको जनाइएको छ ।

त्यसैगरी प्रचार सामग्री छपाइ (कपडा तथा ब्यानर) मा १ लाख ७५ हजार ३४ रुपैयाँ, प्रचार सामग्री ढुवानी तथा टिकटमा १ लाख १९ हजार ५०५ रुपैयाँ खर्च भएको उल्लेख छ । उम्मेदवारी दर्ताका लागि १० हजार रुपैयाँ खर्च भएको विवरणमा उल्लेख गरिएको छ । खर्च विवरण शाहका प्रतिनिधि नवीन भण्डारीले हस्ताक्षर गरी जिल्ला निर्वाचन कार्यालयमा पेश गरेका हुन् ।

## झापा: पहिलेको 'लाल किल्ला' अहिले 'निलो किल्ला'

**झापा, फागुन २५।** एक समय नेकपा एमालेको 'लालकिल्ला' भनेर चिनिने झापामा यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनले नयाँ राजनीतिक चित्र कोरेको छ । लामो समयदेखि एमालेको प्रभाव क्षेत्र मानिँदै आएको जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्ष मात्र होइन, समानुपातिकतर्फ पनि उल्लेख्य मत प्राप्त गर्दै आफ्नो बलियो उपस्थिति देखाएको छ ।

२०४८ साल वैशाख २९ गते भएको संसदीय निर्वाचनमा झापा क्षेत्र नम्बर ६बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि खड्गप्रसाद ओली राष्ट्रिय राजनीतिमा उदाएका थिए । पहिलो जनआन्दोलनपछि भएको सो निर्वाचनमा तत्कालीन झापाका ६वटा निर्वाचन क्षेत्रमा एमालेका उम्मेदवारहरू निर्वाचन हुँदै झापलाई 'लालकिल्ला' बनाएका थिए ।




त्यसबेला झापा क्षेत्र नम्बर १मा एमालेका द्रोणप्रसाद आचार्यले नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौलालाई पराजित गरेका थिए भने क्षेत्र नम्बर २मा एमालेका देवीप्रसाद ओझाले कांग्रेसका सीके प्रसाईंलाई हराएका थिए ।

यता झापा क्षेत्र नम्बर ३मा एमालेका राधाकृष्ण मैनालीले कांग्रेसका चक्रप्रसाद बाँस्तोलालाई, झापा क्षेत्र नम्बर ४ मा एमालेका नारायण राजवंशीले कांग्रेसका सूर्यप्रसाद गणेशलाई तथा झापा क्षेत्र नम्बर ५मा एमालेका चन्द्रप्रकाश मैनालीले कांग्रेसका भरतबाबु प्रसाईंलाई पराजित गरेका थिए । त्यस्तै झापा क्षेत्र नम्बर ६मा एमालेका केपी शर्मा ओलीले कांग्रेसका पूर्णानन्द शर्मालाई हराएर राष्ट्रिय राजनीतिमा छाउँदै उनी चारपटक प्रधानमन्त्री समेत बने ।

तर, तीन दशकपछि झापाको राजनीतिक समीकरण पूर्ण रूपमा उल्टिएको छ । यसपटकको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहसँग एमाले अध्यक्ष समेत रहेका केपी शर्मा ओलीले झापा-५बाट करिब ५० हजार मतान्तरले पराजित हुनुपर्‍यो । केवल ओली मात्र होइन, झापाका पाँचै निर्वाचन क्षेत्रमा एमालेका उम्मेदवारहरूको लज्जास्पद हार भएको छ । झापाका पाँचै क्षेत्रमा रास्वपाका उम्मेदवार बिजयी भएसँगै झापालाई एमालेको 'लालकिल्ला'बाट रास्वपाको 'निलो किल्ला'मा रूपान्तरण भएको छ ।

प्रत्यक्षतर्फ सबै क्षेत्रमा पराजित भएको एमाले समानुपातिक मतमा पनि कमजोर देखिएको छ । झापा-५ मा रास्वपाले करिब ६० प्रतिशत मत प्राप्त गर्दै स्पष्ट अग्रता बनाएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार झापा-५मा कूल १ लाख ७ हजार २०१ समानुपातिक मतमध्ये १ लाख ४ हजार २८९ मत सदर र २ हजार ९१२ मत बदर भएको छ । सदर मतमध्ये रास्वपाले ६२ हजार

*(बाँकी अन्तिम पृष्ठमा)*



# हेरोइनसहित युवक पक्राउ

**झापा, फागुन २५।** झापाको कमल गाउँपालिका-६ गुवाबारीबाट लागूऔषधसहित एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सोमवार दिउँसो करिब १ बजे इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले सोही स्थानमा सवारी चेकजाँचका क्रममा मे११प ६०५० नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा चालक कमल-६का ३२ वर्षीय लक्ष्मण राजवंशीको साथबाट लागूऔषध फेला परेको हो। प्रहरीका अनुसार राजवंशीले लगाएको सर्टको दाहिने गोजीमा प्लास्टिकको पोका बनाएर राखिएको अवस्थामा प्लास्टिक बाहेक ३ ग्राम ४४० मिलिग्राम खैराहेरोइन जस्तो देखिने पदार्थ बरामद गरिएको हो।

प्रहरीले उनलाई लागूऔषध कारोबारमा संलग्न रहेको आशंकामा नियन्त्रणमा लिएको छ। राजवंशीको साथबाट विभिन्न दरका नेपाली नगद २२ हजार रुपैयाँ, बजाज कम्पनीको २२० सीसीको पल्सर मोटरसाइकल र रेड्मी कम्पनीको एक थान मोबाइलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका राजवंशीलाई इलाका प्रहरी कार्यालय दमकमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# संसदमा ७ जेन-जी



निशा डाँगी (२९) | मनिष खनाल (२६) | बब्लु गुप्ता (२८) | सस्मित पोखरेल (२९) | प्रशान्त उप्रेती (२५) | केपी खनाल (२६) | आरेन राई (२९)

**काठमाडौं, फागुन २५।** गतफागुन २१ गते भएको निर्वाचनमा ७ जना जेन-जीहरु निर्वाचित भएका छन्।

भदौ २३/२४को जेनजी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गरेको निर्वाचनमा ७ जना जेन-जी निर्वाचित भएका हुन्।

सातजनामध्ये ६ जना राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित भएका छन् भने एक जना श्रम संस्कृति पार्टीको तर्फबाट निर्वाचित भएका छन्। रास्वपाका निशा डाँगी (२९), मनिष खनाल (२६), बब्लु गुप्ता (२८), सस्मित पोखरेल (२९), प्रशान्त उप्रेती (२५) र केपी खनाल (२६) निर्वाचित भए। त्यस्तै हर्क साम्पाङ नेतृत्वको श्रम श्रंस्कृति पार्टी आरेन राई (२९) खोटाङ-१ बाट निर्वाचित भए।

निशा डाँगी झापा-१ बाट ४५,६८० मत ल्याएर निर्वाचित भइन्। उनको निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका केशवराज पाण्डेले १०५५० मत ल्याए।

नवलपुर-२ बाट निर्वाचित मनिष खनालले ४१३४७ मत ल्याए भने उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका तिलबहादुर महत क्षेत्रीले १५७५५ मत ल्याए।

बब्लु गुप्ता सिराहा-१बाट ४१३२२ मतसहित निर्वाचित हुँदा सस्मित पोखरेल काठमाडौं-५बाट ३०७३७ मतसहित निर्वाचित भए। प्रशान्त उप्रेती मकवानपुर-२बाट ३००५० मतसहित निर्वाचित हुँदा केपी खनाल कैलाली-२बाट २००५७ मतसहित निर्वाचित भए।

श्रम संस्कृतिका आरेन राई १६६१२ मतसहित खोटाङबाट निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी देवविक्रम राईले १२७१४ मत मात्रै ल्याए। सन् १९९७देखि सन् २०१२ सम्म जन्मेका पुस्तालाई जेनजी अर्थात् जेनेरेसन-जी भन्ने गरिन्छ।

# गौरादह नगर प्रमुखमाथि घरमै हातपात

**झापा, फागुन २५।** गौरादह नगरपालिकाले नगरप्रमुख छत्रपति सुवेदीमाथि भएको दुर्व्यवहार र हातपातको घटनाप्रति गम्भीर आपत्ति जनाएको छ।

नगरपालिकाले जारी गरेको विज्ञप्ति अनुसार फागुन २४ गते बेलुका करिब ६:३० बजे नगर प्रमुख सुवेदीको निजी निवासमा गौरादह नगरपालिका-५का भीम सिटौलाले अभद्र व्यवहार तथा हातपात गरेका हुन्। उक्त घटनाप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ।

नगरपालिकाका प्रवक्ता नरेन्द्र भण्डारीले जारी गरेको विज्ञप्तिमा नगरप्रमुखमाथि निवासमै पुगेर गरिएको यस्तो कार्य निन्दनीय र भर्त्सनायोग्य भएको उल्लेख छ। यस्ता गतिविधिले असुरक्षाको वातावरण सिर्जना गर्नुका साथै जनप्रतिनिधि र सर्वसाधारणको मनोबल कमजोर बनाउने भन्दै नगरपालिका चिन्तित बनेको उल्लेख छ। घटनामा संलग्न व्यक्तिलाई तत्काल कानूनी दायरामा ल्याई थप अनुसन्धान गरी कडाभन्दा कडा कारबाही गर्न सुरक्षा निकाय र प्रशासनसँग जोडदार माग गरिएको नगरपालिकाले जनाएको छ।

आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन जनप्रतिनिधि तथा सर्वसाधारणको सुरक्षामा थप संवेदनशीलता अपनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ। यस घटनाप्रति नगरपालिकाले नागरिकलाई विचलित नहुन र कुनै पनि प्रकारका अवाञ्छित गतिविधिविरुद्ध एकजुट हुन अपिल गरेको छ।

घटनामा संलग्न व्यक्तिलाई प्रहरीले पक्राउ गरी कारवाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए।

# पलको करिअरकै सर्वाधिक कमाउने फिल्म बन्यो 'आ बाट आमा'

अभिनेता पल शाहले ७ वर्षपछि आफ्नै फिल्मको व्यावसायिक कीर्तिमान तोडेका छन्। २०७४ सालमा प्रदर्शन भएको 'शत्रु गते' उनको करिअरकै सर्वाधिक कमाउने फिल्म बनेको थियो।

चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांक अनुसार यसले १२ करोड ६५ लाख रुपैयाँ ग्रस कमाएको थियो। अब यसको रेकर्ड पलको नयाँ फिल्म 'आ बाट आमा'ले तोडेको छ।




सोमबार बोर्डले सार्वजनिक गरेको विवरण अनुसार फागुन २३ गते शनिबारसम्म यो फिल्मले १२ करोड ६६ लाख ९० हजार ९८१ रुपैयाँ ग्रस व्यापार गरेको छ। यसको ४ लाख ८२ हजार ६४७ वटा टिकट बिक्री भएका छन्। योसँगै 'आ बाट आमा' यस वर्ष सर्वाधिक कमाउने दोस्रो फिल्म समेत बनेको छ। यसले 'जेरी अन टप'को व्यापारलाई उछिन्दै दोस्रो स्थान हासिल गरेको हो।

बोर्डले 'आ बाट आमा'सँगै अन्य तीन फिल्म 'कुमारी', 'रमिताको पिरती' र 'प्रवासी जीवन'को पनि व्यापारिक आँकडा सार्वजनिक गरेको छ। तर, यी तीनवटै फिल्मको व्यापार एक करोड पनि छैन। 'कुमारी'ले २० हजार २२७ वटा टिकट बिक्रीबापत ६५ लाख रुपैयाँ ग्रस कमाएको छ। 'रमिताको पिरती'को व्यापार शनिबारसम्म ३० लाख १३ हजार रुपैयाँ छ। अभिनेता राजेश हमालको अभिनय रहेको 'प्रवासी जीवन'को व्यापार भने निकै दयनीय देखिएको छ। प्रदर्शनको ९ दिनमा यसको ५०१ वटा टिकट बिक्री भएका छन्। र, व्यापार १ लाख ३८ हजार ४८० रुपैयाँ ग्रस छ।

सम्भवत: हमालको करिअरकै सबैभन्दा कमजोर व्यापार गर्ने फिल्म यही हो। यस वर्ष उनी अभिनीत अर्को फिल्म 'नरसिंहा अवतार' पनि असफल भएको थियो।

# 'माया भनेकै यस्तो होला'को छायांकन शुरु



अभिनेत्री रेखा थापाको निर्देशनमा बन्न लागेको फिल्म 'माया भनेकै यस्तो होला'को छायांकन शुरु गरिएको छ। महाशिवरात्रीको अवसर पारेर फागुन ३ गते निर्माण घोषणा गरिएको यो फिल्मको काठमाडौंको शिवपुरीस्थित रोयल ट्युलिप नेशनल पार्कमा पहिलो दृश्य खिचियो। फिल्मका लागि पहिलो शट नीति शाह र दिल श्रेष्ठले दिएका छन्।

यो फिल्मबाट रेखा ८ वर्षपछि निर्देशनमा फर्किएकी हुन्। यसअघि उनले 'हिम्मतवाली' र 'मालिका' निर्देशन गरेकी थिइन्। यी दुवै फिल्ममा उनको मुख्य भूमिका समेत रहेको थियो। तर, यसपटक उनी अभिनयमा नभइ पूर्ण रूपमा निर्देशनमा केन्द्रित रहनेछिन्। उनले फिल्ममा नेपाली समाजमा घटेका घटनालाई प्रस्तुत गरिने बताएकी छन्।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस फिल्ममा नयाँ र पुराना पुस्ताका कलाकारहरूलाई समेटिएको छ। नीति र दिलसहित फिल्ममा मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहारी, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेल लगायतका कलाकारहरूको अभिनय रहनेछ। पत्रकार ध्रुव लम्सालले फिल्मको स्क्रिप्ट तयार पारेका हुन्।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको फिल्ममा सुदीप बराल छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहनेछ। यसमा रंग पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन्। फिल्मले प्रेमकथाको माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्ने बताइएको छ।

# रिलिज भयो 'परालको आगो'को टिजर

अभिनेता तथा गायक प्रकाश सपूतले राजनीतिक यात्रा शुरु गरिसकेका छन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक उम्मेदवार समेत बनेका छन्। उनको नाम दलित पुरुष क्लस्टरको दोस्रो नम्बरमा छ। रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट जित्दै समानुपातिकमा झण्डै ४० लाख मत ल्याइसकेका कारण उनी सांसद बन्ने निश्चित भइसकेको छ।

प्रकाश माननीय बनेर संसद छिर्ने तयारीमा रहँदा सोमबार उनी अभिनीत नयाँ फिल्म 'परालको आगो'को टिजर सार्वजनिक गरिएको छ। श्रीमान्-श्रीमती (चामे र गौँथली)को झगडालाई केन्द्रमा राखिएको टिजरमा प्रकाश रिसाहा श्रीमानरुको भूमिकामा देखिएका छन्। उनकी श्रीमतीको भूमिकामा सुहाना थापा छिन्। टिजरमा सौगात मल्ललाई पनि देख्न सकिन्छ।



लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मन्जिला बाँनिया लगायतका कलाकारहरूले अभिनय गरेका छन्। हरिओम सिने मेकर्सका सुशील पोखरेलले फिल्मको निर्माण गरेका हुन्। यसमा सुशील देवकोटाको लेखन रहेको छ।

आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ। ग्रामीण लोककथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको चर्चित कथा 'परालको आगो'बाट प्रेरित भएर यो फिल्म बनेको हो।

# तेल बजार स्थिर बनाउन अन्तर्राष्ट्रिय पहल

**काठमाडौं, फागुन २५।** मध्यपूर्वमा बढ्दो द्वन्द्व र तनावका कारण विश्व ऊर्जा बजारमा देखिएको अस्थिरता नियन्त्रण गर्ने उपायबारे प्रमुख औद्योगिक देशहरूका अर्थमन्त्रीहरूले छलफल गर्ने भएका छन्।

फ्रान्स सरकारका एक स्रोतका अनुसार सोमबार हुने बैठकमा तेल बजारलाई स्थिर बनाउन रणनीतिक तेल भण्डार प्रयोग गर्ने सम्भावनाबारे गम्भीर रूपमा विचार गरिनेछ।

फ्रान्सको अर्थ मन्त्रालयले बैठकमा खाडी क्षेत्रको पछिल्लो अवस्थासहित त्यसको विश्व अर्थतन्त्रमा पर्न सक्ने प्रभावबारे समीक्षा गरिने जनाएको छ। पछिल्ला दिनहरूमा अमेरिका-इजरायल र इरानबीचको युद्ध तीव्र हुँदै जाँदा मध्यपूर्वबाट हुने तेल आपूर्तिमा अवरोध आउन सक्ने आशङ्का बढेको छ।

यही कारण विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढ्दै गएको छ र धेरै देशका शेयर बजारहरूमा पनि अस्थिरता देखिएको छ।

फ्रान्सले हाल प्रमुख औद्योगिक देशहरूको समूहको घुम्ती अध्यक्षता गरिरहेको छ, जसमा क्यानडा, जर्मनी, इटाली, जापान, बेलायत र अमेरिका पनि सदस्य रहेका छन्। ऊर्जा सङ्कटको सम्भावित जोखिमलाई ध्यानमा राख्दै ती देशहरूले अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्रमार्फत संयुक्त रूपमा रणनीतिक तेल भण्डार बजारमा ल्याउने विषयमा पनि विचार गरिरहेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेल मूल्य बढ्नु इरानको आणविक खतरा हटाउनका लागि तिर्नुपर्ने सानो मूल्य भएको बताएका छन्।

सन् १९७३ को तेल सङ्कटपछि ऊर्जा आपूर्ति अवरोधको अवस्थामा सदस्य देशहरूबीच समन्वय गरेर प्रतिक्रिया दिन अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्र स्थापना गरिएको थियो।


## सूचना ! सूचना !! सूचना !!!

**यस संस्थाको गत माघ २५ गते आइतबार सम्पन्न भएको बोर्ड बैठकको निर्णय अनुसार सन् २०२६को लागि सदस्यता नवीकरण तथा नयाँ सदस्यता खुला गरिएको हुँदा आगामी मे ३१ तारिखसम्ममा सदस्यता नवीकरण गर्न तथा इच्छुकले नयाँ सदस्यता लिन हुन यसै सूचनामार्फत् सबैमा विनम्रतापूर्वक अनुरोध गर्दछौं।**

**सम्पर्क: ९८५२६२९५००/ ९८१७०९४९६८/ ९८५२६८६०७७**

**महासचिव: जेसी कला विष्ट** **अध्यक्ष: जेसी बिमला भट्टराई**

JCI **अर्जुनधारा जेसीज शनिश्चरे**

अर्जुनधारा नगरपालिका, झापा


## झापा ...

२५८ मत अर्थात् करिब ६० प्रतिशत मत प्राप्त गरेको छ। यो निर्वाचन क्षेत्रमा एमालेले १७ हजार ६२३ मत अर्थात् करिब १७ प्रतिशत मत ल्याएको छ।

त्यसपछि श्रम संस्कृति पार्टीले १० हजार ५७३ मत (करिब १० प्रतिशत), नेपाली कांग्रेसले ४ हजार ६२ मत (करिब ५ प्रतिशत), राष्ट्रिय प्रजातन्त्र पार्टीले ४ हजार १९७ मत (करिब ४ प्रतिशत) तथा नेपाल कम्युनिष्ट पार्टीले १ हजार ९८७ मत (करिब २ प्रतिशत) प्राप्त गरेका छन्।

झापा-५को प्रत्यक्ष निर्वाचनमा रास्वपाका उम्मेदवार बालेन्द्र शाहले ६८ हजार ३ सय ४८ मत प्राप्त गर्दा एमाले अध्यक्ष ओली १८ हजार ७३४ मतमा सीमित हुनुपर्‍यो। दुवैबीचको मतान्तर ४९ हजार ६१४ देखिन्छ। यसपटकको निर्वाचनमा ओलीले असाधारण रूपमा लामो समय निर्वाचन क्षेत्रमा रहेर आम मतदाताको घर-घरमा पुगेर मत मागेका थिए। करिब डेढ महिनासम्म उनले झापा-५मा बसेर चुनावी अभियान सञ्चालन गरे।

क्षेत्रका सबै २९ वटै वडा पुगेर मतदातासँग भेटघाट गर्नुका साथै जिल्ला, नगर र केन्द्रीय तहका नेताहरूलाई परिचालन गरिएको थियो। युवा, बिद्यार्थी, महिला तथा विभिन्न पेशागत संगठनहरूलाई समेत सक्रिय बनाउँदै व्यापक चुनावी अभियान चलाइएको थियो। तर, यति व्यापक तयारीका बाबजुद आएको परिणाम एमालेका लागि अप्रत्याशित बन्न पुग्यो।

झापामा देखिएको नयाँ राजनीतिक लहरको प्रभाव प्रत्यक्ष मात्र होइन, समानुपातिक मतमा पनि स्पष्ट रूपमा देखिएको छ। झापाका अन्य निर्वाचन क्षेत्रमा पनि जारी मत गणनामा रास्वपा नै अग्रस्थानमा देखिएको छ।

यसअघि २०५१ सालमा भएको निर्वाचनमा नेकपा एमालेले ५ र नेपाली कांग्रेसले एक सिट जितेका थिए। २०५६ सालमा भएको निर्वाचनमा नेकपा एमाले ३ र नेपाली कांग्रेसले पनि ३ सिटमा जित हासिल गरेको थियो। २०६४मा भएको निर्वाचनमा एमाले १, नेपाली कांग्रेस १ र तत्कालीन माओवादीले ५ वटा निर्वाचन क्षेत्रमा जित हासिल गरेको थियो। त्यसबेला झापामा सात वटा निर्वाचन क्षेत्र बनाइएको थियो। २०७० सालमा भएको निर्वाचनमा नेकपा एमालेले ४ र नेपाली कांग्रेसले ३ वटा निर्वाचन क्षेत्रमा जित हासिल गरेका थिए। २०७४मा भएको निर्वाचनमा नेकपा एमालेले ३, तत्कालीन नेकपा माओवादी केन्द्रले १ र राष्ट्रिय प्रजातन्त्र पार्टीले एउटा निर्वाचन क्षेत्रमा जित हासिल गरेको थियो। २०७४मा झापामा निर्वाचन क्षेत्र घटाएर ५ वटा बनाइएको थियो। २०७९को निर्वाचनमा नेकपा एमालेले ३, नेपाली कांग्रेसले १ र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक सिट जित हासिल गरेका थिए।

## निर्वाचन ...

जानकारी दिए। उनले भने- निर्वाचन अवधिभर उपत्यकामा शान्तिपूर्ण वातावरण कायम राख्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सुरक्षा निकायबीच समन्वय गरी सुरक्षा व्यवस्था मिलाइएको थियो।

मतदानका दिनदेखि मतगणनाको चरणसम्म सुरक्षा व्यवस्थाको राम्रो प्रबन्ध मिलाइएकाले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग पुगेको उनले बताए। निर्वाचनमा खटिएका प्रहरीले जिम्मेवारीका साथ आफ्नो कार्यसम्पादन गरेका महानिरीक्षक कार्कीको भनाइ छ।

## ५५ जना ...

३४, कुन्दन कौसिक स्वतन्त्र ३३, मो.सदिक मियाँ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च २९, उपेन्द्रकुमार साह स्वतन्त्र २५, देवनारायण महतो स्वतन्त्र १६, शर्मानन्द खतिवडा स्वतन्त्र १६, महेन्द्र सुनचौरी स्वतन्त्र १४, जलाल मियाँ स्वतन्त्र १३, चन्चला न्हिसुतु नेपाल मजदुर किसान पार्टी १२, पार्वती मुखिया स्वतन्त्र १२, यमुना केसी स्वतन्त्र ११, फुलकुमारी खान स्वतन्त्र चार, बुधेश्वर यादव स्वतन्त्र चार मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।


**MITERI Development Bank Limited**
**मितेरी डेभलपमेन्ट बैंक लिमिटेड**
Banking and beyond

**नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजत प्राप्त संस्था)**
**प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी**
**फोन नं. ०२५-५३८३१७/५३६३१७**
Email:- info@miteribank.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित २०८२/११/२६**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलको शाखावाट उपभोग गरेको तपसिल बमोजिम कर्जाको ऋणको सांवा र ब्याज वा किस्ताको रकम नियमित नबुझाई लामो समयदेखि बक्यौता रही रहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जाको तिर्न बांकी सांवा, सोमा लागेको ब्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन-२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैकले आफ्नो लेना रकम असूल उपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराईन्छ। साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडको कालोसुचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तीनपुस्ते विवरणसहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसील**

**शाखा कार्यालय शनिश्चरे, झापा (९८०२३०२७६२, ०२३-४६५६४४)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| कर्जाको किसिम :<br>**१. व्यक्तिगत कर्जा**<br>**ऋणीको नाम:- खगेन्द्र प्रसाद खरेल**<br>बाबुको नाम :- विष्णु प्रसाद खरेल<br>बाजेको नाम :- अनिरुद्र खरेल<br>ठेगाना:-अर्जुनधारा नगरपालिका १०, झापा।<br>नागरिकता नं. :-८२३१२२२२<br>जारी मिती : २०४४।१२।१६, झापा। | १. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री खगेन्द्र प्रसाद खरेलको नाममा दर्ता रहेको झापा जिल्ला शनिश्चरे गा.बि.स. वार्ड नं. ४ स्थित कित्ता नं. १२१८ को क्षेत्रफल ०-२-१० भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।<br>**क) जमानतकर्ता**<br>नाम : पुष्पादेवी खतिवडा<br>बाबुको नाम:- श्याम प्रसाद खतिवडा<br>पतिको नाम:- खगेन्द्र प्रसाद खरेल<br>ठेगाना:- अर्जुनधारा नगरपालिका-१०, झापा।<br>नागरिकता नं. :- ३४१५४०६२ जारी मिती : २०३९।१२।०८ , झापा। |

**पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईन्छ।**



## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**


**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

**प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**

**पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा**

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## प्रतिवेदन कार्यान्वयन गर

**सामाजिक सञ्जाल माथिको प्रतिबन्ध तथा भ्रष्टाचारको विरोधमा गत भदौ २३ गते जेन–जी पुस्ताका नेपाली युवाले शुरु गरेको आन्दोलनको परिणति इतिहासकै ठूलो क्षति हुन पुग्यो । वर्षौंदेखि संस्थागत जस्तै हुँदै आएको नातावाद, कृपावाद, राजश्वको दुरुपयोग जस्ता भ्रष्टाचारजन्य कृत्यबाट आश्रित नेपाली नागरिकको असन्तुष्टि सामाजिक सञ्जाल माथिको प्रतबिन्धले आन्दोलनमा परिणत गऱ्यो । नवपुस्ताको आन्दोलनमाथि तत्कालीन सरकारले बर्बर दमन गर्दाको परिणाम भोलिपल्टको विध्वंश र मानवीय क्षतिमा पुग्यो । सरकार थोरै पनि सैंवेदनशील नहुँदा र सरकार प्रमुखले आजसम्म गल्तीबोध नगर्दा नेपाली जनताले परिस्थितिजन्य आमनिर्वाचनमा पुराना दलहरुलाई मतपत्रको माध्यमबाट अस्वीकृत गरेका छन् ।**

**जेन–जी विद्रोहको जगमा गठन भएको सुशीला कार्की नेतृत्वले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा बनेको आयोगले प्रतिवेदन तयार गरेर सरकारलाई बुझाएको छ । अब घटनाका दोषीहरुलाई कारवाहीको दायरामा ल्याउन सरकारलाई बाटो खुलेको छ । तत्कालीन सरकार जवाफदेही नभएको भन्दै सर्वत्र आलोचना भए पनि विधिको बाटो पछ्याउनुपर्दा प्रतिवेदन तयार गर्न ढिला भएको हुनसक्छ । त्यसमाथि विगतका आन्दोलनपछि गठित आयोगका प्रतिवेदन कार्यान्वयन नभएका कारण सरकारको आलोचना हुने गरेको छ । तर, अहिले परिस्थिति फेरिएको सन्दर्भमा अबको सरकारलाई शंकाको सुविधा छैन । किनकि देश यतिबेला नयाँ परिस्थितिमा पुगेको छ र सरकारले परिवर्तनलाई आत्मसात गर्नैपर्छ ।**

**आयोगले बुझाएको प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्री कार्कीले प्रतिवेदन अध्ययन गरेर कार्यान्वयन गर्ने बताएकी छन् । तर, प्रतिवेदन मन्त्रिपरिषद्मा पेश गरेपछि परिषद्ले पनि अध्ययन गरेर कार्यान्वयनमा लानु पर्दछ । त्यसअघि प्रतिवेदनले कसलाई, कुन विषय र सन्दर्भका लागि दोषी ठहर गरेको छ ? कारण, प्रमाण र आधारहरुको अध्ययन गरेर कार्यान्वयनमा लानु पर्छ । त्यस कारण पनि प्रतिवेदनको कार्यान्वयन अपेक्षा गरिए अनुसार नभई विलम्व पनि हुनसक्छ । तर, त्यसको सम्पूर्ण जिम्मेवारी सरकारको अठोट र दृढतामा भर पर्छ । आयोगले जाँचबुझ गरेको आधारमा सरकारले प्रतिवेदन कार्यान्वयन गर्न लाग्नु पर्दछ । बद्दो कुशासन, ढिलासुस्ती, बेथितिका कारण थिति कायम गर्नुपर्ने निकाय नै विकृत भएको अवस्थामा प्रतिवेदन कार्यान्वयन गरेर देशको मुहार फेर्न सरकार दृढताका साथ लाग्नु पर्दछ । विगतकै परम्परालाई निरन्तरता दिने प्रयास भए जनआक्रोश फेरि पनि प्रकट नहोला भन्न सकिन्नँ ।**

# मध्यपूर्वको बाछिटाबाट जोगिन नेपालले के गर्नुपर्छ ?



राजन कार्की



फेब्रुअरी २८ देखि अमेरिका, इजरायल र इरानबीच शुरु भएको सैन्य द्वन्द्व २१औं शताब्दी यता अन्तर्राष्ट्रिय स्तरमा देखिएको सबैभन्दा ठूलो र दूरगामी प्रभाव पार्ने टकरावहरू मध्ये एक बनेको छ। यस द्वन्द्वमा अमेरिका तथा पश्चिमी राष्ट्रहरू स्पष्ट रूपमा इजरायलको पक्षमा उभिएका छन् भने इरानले केही हदसम्म चीन र रूसको समर्थन प्राप्त गरेको मानिन्छ।

द्वन्द्व शुरु हुनुभन्दा केही दिनअघि भारतीय प्रधानमन्त्री मोदीले इजरायल भ्रमण गरेका थिए, जसलाई बाह्य विश्लेषकहरूले भारत इजरायलतर्फ झुकेको संकेतका रूपमा व्याख्या गरेका छन्। हाल इरानका सर्वोच्च नेता अली खामेनेईको निधन भएको बताइएको छ। इरानले इजरायलसहित नौ देश माथि ड्रोन तथा मिसाइल मार्फत प्रत्याक्रमण गरेको छ, र देश अस्थायी रूपमा शक्ति-शून्यताको अवस्थामा पुगेको भनिएको छ। यसका कारण मध्यपूर्व क्षेत्रको सुरक्षा अवस्था झन् जटिल र अस्थिर बनेको छ।

भूपरिवेष्ठित सानो राष्ट्र नेपाल आर्थिक रूपमा अत्यधिक बाह्य निर्भर देश हो। यद्यपि नेपाल भौगोलिक रूपमा मध्यपूर्वको युद्ध क्षेत्रबाट टाढा रहेको छ। यद्यपि विश्वव्यापी संकटबाट पूर्णरूपमा अलग रहन सम्भव छैन। विशेषगरी रेमिट्यान्स र वैदेशिक रोजगारीमा आधारित नेपालको आर्थिक संरचना अहिले प्रत्यक्ष र अप्रत्यक्ष दुबै प्रकारका दबाब र झट्काको सामना गरिरहेको छ।

**भूराजनीतिक प्रभाव**

नेपाल उत्तरतर्फ चीनसँग र दक्षिण, पूर्व तथा पश्चिम तीनै तर्फ भारतसँग सिमाना जोडिएको भूपरिवेष्ठित देश हो। यसको भूराजनीतिक अवस्थिति यी दुई ठूला छिमेकी राष्ट्रहरूसँग अत्यधिक रूपमा निर्भर छ। अमेरिका, इजरायल र इरानबीचको वर्तमान द्वन्द्वमा चीन इरानप्रति समर्थनको धारणा राखेको देखिन्छ भने भारत इजरायलतर्फ झुकेको देखिन्छ।

अमेरिका यस द्वन्द्वको प्रत्यक्ष सहभागी राष्ट्रका रूपमा नेपालसँग पनि व्यापक सम्बन्ध र अन्तरक्रिया राख्दछ। ठूला शक्तिहरू बीचको प्रतिस्पर्धा तीव्र बन्दै गएको अवस्थामा नेपाल माथि कुनै एक पक्ष रोज्न वा सार्वजनिक रूपमा समर्थन जनाउन बाह्य दबाब पर्न सक्ने सम्भावना रहन्छ।

क्षेत्रीय मामिलामा भारतको नेपाल माथि दीर्घकालीन प्रभाव रहेको छ र भारतको धारणा तथा नीति-अवस्थाले नेपालको कूटनीतिक क्षेत्र, सीमा प्रबन्धन तथा व्यापारिक वातावरणमा अप्रत्यक्ष प्रभाव पार्न सक्छ। नेपालले लामो समयदेखि असंलग्नता र पक्ष नलिने (नन-अलाइन्ड) परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ।

वर्तमान जटिल अन्तर्राष्ट्रिय परिस्थितिमा पनि असंलग्न अडान कायम राख्नु, बहुपक्षीयताको अभ्यास गर्नु तथा अन्तर्राष्ट्रिय विवादहरूलाई शान्तिपूर्ण संवाद र कूटनीतिक वार्ता मार्फत समाधान गर्न दृढ समर्थन जनाउनु आवश्यक देखिन्छ।

यसैसँगै, नेपालभित्र दीर्घकालदेखि दलगत प्रतिस्पर्धा र राजनीतिक अस्थिरता कायम रहेको छ। बाह्य शक्तिहरू बीचको प्रतिस्पर्धा चर्किँदै जाँदा आन्तरिक राजनीतिक विभाजनलाई वाह्य शक्तिहरूले उपयोग गर्ने जोखिम बढ्न सक्छ। अन्तर्राष्ट्रिय द्वन्द्वबारे फरक-फरक धारणा र दृष्टिकोणले घरेलु राजनीतिक दलहरूबीच थप विवाद र मतभेद सिर्जना गर्न सक्छ, जसले सरकारलाई परराष्ट्र नीतिमा साझा सहमति निर्माण गर्न कठिन बनाउनेछ र समग्र कूटनीतिक स्थिरता तथा आन्तरिक शासन व्यवस्थामा नयाँ चुनौती थप्नेछ।

**आर्थिक प्रभाव**

नेपालका करिब २० लाख श्रमिकहरू मध्यपूर्व क्षेत्रमा कार्यरत छन्। रेमिट्यान्स नेपालको अर्थतन्त्रको सबैभन्दा ठूलो आयस्रोत हो, जसले कुल गार्हस्थ्य उत्पादन ( जीडीपी)को २० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। यसले राष्ट्रिय वैदेशिक मुद्रा सञ्चिति, जनजीवनको उपभोग र वित्तीय स्थिरतामा अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्दछ। यदि पश्चिम एशियाको अवस्था निरन्तर बिग्रँदै गयो र ठूलो संख्यामा नेपाली श्रमिकहरू बाध्य भएर स्वदेश फर्कनुपऱ्यो भने रेमिट्यान्स आम्दानीमा उल्लेखनीय गिरावट आउन सक्छ र देशको वैदेशिक मुद्रा सञ्चितिमा ठूलो दबाब पर्न सक्छ।

धेरै श्रमिक एकैपटक फर्किँदा आन्तरिक रोजगारी र लगानीमा उल्लेखनीय दबाब बढ्नेछ। प्रभावकारी पुनःएकीकरण (रिइन्टिग्रेसन), नीति अभावमा फर्किएका श्रमिकहरूले गम्भीर वेरोजगारीको सामना गर्नुपर्ने सम्भावना रहन्छ। तर, उचित नीति तथा कार्यक्रम लागू गरिएमा उनीहरूको सीप, अनुभव र पूँजीलाई कृषि, साना तथा मझौला उद्यम र पूर्वाधार निर्माणमा लगानी गराउन सकिन्छ, जसले अर्थतन्त्रको संरचनात्मक रूपान्तरणमा नयाँ ऊर्जा दिन सक्छ।

यस अतिरिक्त, इरानले होर्मुज जलडमरू मध्ये प्रयोग नगर्ने घोषणा गरेको बताइन्छ, जसका कारण विश्वव्यापी ऊर्जा मूल्यमा तीव्र वृद्धि भएको छ। नेपालमा पेट्रोलियम पदार्थ र ग्यास पूर्णरूपमा आयातमा निर्भर छन् र ती सबै भारतमार्फत देशभित्र प्रवेश गर्छन्।

ऊर्जा आपूर्ति अवरुद्ध भएमा आयात लागत प्रत्यक्ष रूपमा बढ्नेछ, जसले आन्तरिक मुद्रास्फीति तीव्र पार्नेछ। यसले यातायात, उत्पादन तथा सर्वसाधारणको दैनिकीमा प्रभाव पार्नेछ र उपभोगमुखी आर्थिक वृद्धिमा समेत नकारात्मक असर पुऱ्याउने छ।

**नीतिगत सुझाव**

नेपाल सरकारले कूटनीति, अर्थतन्त्र, रोजगारी र सामाजिक स्थिरता लगायतका क्षेत्रमा समन्वित र दीर्घकालीन रणनीति अपनाउन आवश्यक छ। भूराजनीतिक तहमा असंलग्न र तटस्थ परराष्ट्र नीति दृढतापूर्वक कायम राख्दै बहुपक्षीयताप्रति प्रतिबद्ध रहनु जरुरी छ।

अन्तर्राष्ट्रिय संस्था मार्फत शान्तिपूर्ण संवाद र कुटनीतिक माध्यमबाट विवाद समाधानका लागि आह्वान गर्दै चीन, भारत, अमेरिका लगायत सबै पक्षसँग सन्तुलित र मैत्रीपूर्ण सम्बन्ध कायम राख्नुपर्छ। ठूला शक्तिहरू बीचको प्रतिस्पर्धामा फस्नबाट जोगिँदै राष्ट्रिय सार्वभौमिकता र कूटनीतिक स्वायत्तताको रक्षा गर्नु अत्यन्त महत्त्वपूर्ण छ। आर्थिक तथा श्रमिक व्यवस्थापनको सन्दर्भमा सरकारले अग्रिम तयारी गर्नुपर्छ।

स्वदेश फर्किन सक्ने युवा श्रमिकहरूका लागि उपयुक्त कृषि जमिनको योजना व्यवस्थापन गर्दै उत्पादन र विकासका अवसर सिर्जना गर्नुपर्छ। विदेशबाट फर्किने युवा श्रमिकहरूलाई बोझको रूपमा होइन, गाउँ-गाउँको पुनर्जागरण र राष्ट्रिय विकासको महत्त्वपूर्ण शक्तिका रूपमा हेर्न आवश्यक छ।

सरकारले जीवन-निर्वाह सुरक्षा सम्बन्धी कार्यक्रम, रोजगारी सेवा तथा उद्यमशीलता प्रवर्द्धनका योजनाहरू पूर्व तयारीका साथ अघि बढाउनुपर्छ। विदेशमा कार्यरत रहँदा धेरै नेपाली श्रमिकहरूले राम्रो कार्यकुशलता र प्राविधिक सीप हासिल गरेका हुन्छन्। त्यसैले उनीहरूको सीप प्रमाणीकरण (स्किल सर्टिफिकेसन) र उपयुक्त रोजगारीसँग मिलान गर्ने प्रणाली विकास गर्नुपर्छ।

विदेशमा आर्जित अनुभव, सीप र पूँजीलाई कृषि उत्पादन, साना तथा मझौला उद्योग, सेवा क्षेत्र र पूर्वाधार निर्माणमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ, जसले सहज पुनःएकीकरण र दिगो विकासलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यसरी द्वन्द्वबाट उत्पन्न नकारात्मक प्रभावलाई न्यूनतम बनाउँदै राष्ट्रिय अर्थतन्त्रको स्थिरता र दीर्घकालीन विकासलाई सुदृढ गर्न सकिन्छ।

मध्यपूर्वमा भइरहेका द्वन्द्वका बीच नेपालले आन्तरिक एकता कायम राख्दै, असंलग्न परराष्ट्र नीति दृढतापूर्वक अनुसरण गर्दै र अर्थतन्त्रको संरचनात्मक रूपान्तरणलाई तीव्रता दिँदै मात्र अन्तर्राष्ट्रिय अस्थिरताका बीच आफ्नो राष्ट्रिय हित र जनजीवनको सुरक्षालाई अधिकतम रूपमा संरक्षण गर्न सक्छ। खबरहब

# घाउचोटको खत मेट्ने उपचार हुन्छ ?



कहिलेकाहीँ शरीरमा चोटपटक लाग्छ, आगो वा तातोपानीले पोल्छ। हातहतियारले काट्छ। यस्ता कतिपय चोटको दाग लामो समय वा जीवनभर पनि रहन्छ। खासगरी हात-खुट्टा, अनुहारमा खत बस्यो भने असुहाउँदिलो देखिने पनि हुन्छ। यस्तो स्थितिमा कसरी खत मेट्न सकिन्छ भन्ने धेरैलाई लाग्न सक्छ।

**के खत मेट्न सकिन्छ ?**

घाउको दाग कस्तो स्थितिमा छ ? कति गहिरो, कति ठूलो, कति पुरानो हो ? यसै कुरालाई आधार बनाएर खत मेट्न सकिने नसकिने टुंगो गर्न सकिन्छ। त्यसैगरी खत कसलाई भएको हो ? वयस्कलाई, बुढापाकालाई, बालबालिकालाई ? किनभने सानो बालबालिकाको शरीरमा कुनै घाउको खत बसे त्यो मेटिन सजिलो हुन्छ। जति जति उमेर छिप्पिँदै जान्छ, घाउ खत मेट्न पनि गाह्रो हुन्छ।

त्यस बाहेक यदि कसैको घाउको खत मेटिएको छैन भने क्रिम वा उपचार विधिबाट पनि त्यसको समाधान खोज्न सकिन्छ। यदि छालाको माथिल्लो सतह वा बाहिरी भागमा मात्र खत छ भने त्यस्तो मेटाउन सहज हुन्छ।

**दाग बस्ने सम्भावना बढी हुने ठाउँ**

अनुहार, हात, खुट्टामा घाउचोटको खत बढी हुन सक्छ। शरीरमा जुन ठाउँमा छाला पातलो हुन्छ, त्यसमा दाग बस्ने सम्भावना बढी हुन्छ।

**के छ उपचार ?**

चोटको स्थिति अनुसार त्यसको खत मेट्ने विधि फरक-फरक हुन्छ। कुनै क्रिम मात्र लगाएर पनि निको हुन्छ। खासगरी छालाको माथिल्लो सतहमा भएको चोट मेट्न क्रिमले काम गर्न सक्छ।

यदि गहिरो वा मांसपेशीसम्म चोट लागेर खत बसेको छ भने त्यसमा लेजरको माध्यमबाट उपचार गर्नुपर्ने हुन सक्छ। सामान्यतया कार्बनडाइअक्साइड लेजरबाट दाग हटाइन्छ।

**आगो वा तातोपानी पोलेर बसेको दाग**

आगोले पोलेको वा तातो पानीले पोखिएर बसेको खत भने क्रिम लगाएर निको हुँदैन। यसको लागि सामान्यतयाः कार्बनडाइअक्साइड लेजर विधिबाट नै उपचार गर्नुपर्ने हुन्छ। यस्तो उपचार पनि सानोतिनो दागमा मात्र काम लाग्छ।

यदि पोलेको भाग ठूलो छ भने त्यसमा प्लास्टिक सर्जरी नै गर्नुपर्ने हुन सक्छ। प्लास्टिक सर्जरीमा जलेको भागको दागमा अन्य ठाउँको छालाको भाग ल्याएर टाँसिन्छ।

**अनुहारमा बसेको दाग हटाउने कसरी ?**

डन्डीफोर लगायतले पनि अनुहारमा दाग बस्ने हुन्छ। खासगरी किशोरावस्थामा यस्तो समस्या धेरै देखिन्छ। भर्खर बसेको दाग हो र बाहिरी छालामा मात्र छ भने सहजै मेटाउन सकिन्छ। डन्डीफोर वा अन्य कालो दाग बसेको भागलाई क्रिमले नै मेटाउन सकिन्छ।

यदि पुरानो दाग छ भने पहिलो चरणमा तीनदेखि छ महिनासम्म क्रिम लगाउन दिइन्छ। त्यसपछि पनि दाग हटेन भने इन्जेक्सन वा लेजर विधि प्रयोग गर्नुपर्ने हुन्छ। यसबाट पनि शतप्रतिशत हट्छ भन्ने हुँदैन। कुनै कुनै गहिरो घाउको दाग ७० देखि ९० प्रतिशत मात्र मेटिन्छ।

*(डा. भट्ट छाला तथा सौन्दर्य विशेषज्ञ हुन्। उनी डर्म डाइनामिक्स स्किन हेयर एण्ड लेजर क्लिनिक, कुमारीपाटी, ललितपुरमा कार्यरत छन्।)*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मन प्रशन्न रहला, धन तथा स्वास्थ्य लाभका साथै शुख प्राप्त हुने योग छ, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** मन शान्त रहने छ, तर पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, छोटो दुरीको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, अवधिभर कसैसँग वादबिवाद नगर्नुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धीहुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** तपाईको यो समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तानबाट सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ , मन हर्षित हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** तपाईको आज धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, तर बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मिति २०८२/११/२५ आइतबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. ३,१३,२००/-
चाँदी प्रति तोला रु. ५४१०/-

# कच्चा तेलको मूल्यमा तीव्र वृद्धि




**झापा, फागुन २५।** इरानसँगको युद्ध चर्किँदै गएपछि विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ।

सोमबार अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल एक सय १५ डलरभन्दा माथि पुगेको छ, जुन अघिल्लो हप्ताको अन्त्यतिरको मूल्यभन्दा करिब २४ प्रतिशत बढी हो। अमेरिकामा उत्पादन हुने वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) कच्चा तेलको मूल्य पनि प्रति ब्यारेल करिब एक सय १६ डलर पुगेको छ, जुन अघिल्लो मूल्यभन्दा झन्डै २८ प्रतिशतले बढेको हो।

मध्यपूर्व क्षेत्रमा जारी युद्धका कारण तेल उत्पादन र ढुवानीमा ठूलो जोखिम उत्पन्न भएपछि विश्व बजारमा तेलको मूल्य ह्वात्तै बढेको हो। विशेषगरी पर्सियन गल्फ क्षेत्रबाट विश्वभर तेल पठाउने प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज अहिले असुरक्षित बनेको छ। यो मार्गबाट दैनिक करिब १५ मिलियन ब्यारेल कच्चा तेल ढुवानी हुने गर्छ, जुन विश्वको कुल तेल आपूर्तिको करिब २० प्रतिशत हो।

युद्धका कारण मिसाइल र ड्रोन आक्रमणको खतरा बढेपछि धेरै तेल ट्याङ्करहरू यो मार्ग प्रयोग गर्न डराउन थालेका छन्। युद्धका क्रममा तेल तथा ग्यासका संरचनाहरू पनि निशानामा परेका छन्। इजरायलले तेहरानमा रहेको तेल भण्डारण स्थलमा आक्रमण गर्दा चार जनाको मृत्यु भएको इरानी अधिकारीहरूले बताएका छन्। इजरायलले भने ती भण्डारण स्थलहरू इरानको सैन्य प्रयोजनका लागि प्रयोग भइरहेको दाबी गरेको छ।

यसबीच इराक, कुवेत र संयुक्त अरब इमिरेट्सले तेल निर्यातमा समस्या देखिएपछि उत्पादन घटाएका छन्, जसले विश्व बजारमा आपूर्ति कम हुने चिन्ता बढाएको छ। इरानले दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने गर्छ, जसको ठूलो हिस्सा चीनले खरिद गर्छ। यदि युद्धका कारण इरानको निर्यात प्रभावित भयो भने चीनले अन्य देशबाट तेल खोज्नुपर्ने अवस्था आउन सक्छ, जसले विश्व बजारमा थप दबाब सिर्जना गर्न सक्छ।

यसैबीच प्राकृतिक ग्यासको मूल्य पनि केही बढेको छ, यद्यपि तेलको जस्तो ठूलो वृद्धि भने देखिएको छैन। तेलको मूल्य तीव्र रूपमा बढेपछि विश्व अर्थतन्त्रमा असर पर्ने चिन्ता बढेको छ। ऊर्जा महँगो हुँदा महँगी बढ्ने र उपभोक्ताको खर्च घट्ने सम्भावना हुन्छ। यसले विश्वका प्रमुख शेयर बजारहरूमा पनि असर परेको छ।

जापानको निक्केई २२५ सूचकांक सोमबार सात प्रतिशतभन्दा बढीले घटेको छ भने अन्य देशका बजारहरूमा पनि गिरावट देखिएको छ। विश्लेषकहरूले तेलको मूल्य लामो समयसम्म एक सय डलरभन्दा माथि रहिरहेमा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्न सक्ने चेतावनी दिएका छन्।

# भोजपुरमा बदर मत न्यून

**भोजपुर, फागुन २५।** यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा साढे तीन हजारभन्दा बढी मत बदर भएका छन्।

प्रत्यक्षतर्फ खसेको कूल ५७ हजार पाँच सय ९९ मत मध्ये तीन हजार आठ सय ७१ मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। यो संख्या कूल मतको छ दशमलव ७२ प्रतिशत हो।

बदर भएका मतमध्ये एकभन्दा बढी चुनाव चिन्हमा मत सङ्केत गरिएको संख्या बढी रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख डिकेन्द्र सुवेदीले जानकारी दिए। उनका अनुसार कतिपय मतदाता मतदान प्रक्रिया राम्रोसँग नबुझेर नभइ जानाजान पनि मत बदर गरिएको जस्तो देखिएको छ। एकभन्दा बढी चिन्हमा सङ्केत गरेको मत कोटाभित्र स्पष्ट रुपमा लगाइएको पाइएको उनको भनाइ छ।

निर्वाचन प्रक्रियाबारे जानकारी नभएर ल्याप्चे लगाउने जस्ता मत भने तुलनात्मक रूपमा न्यून रहेको उनले बताए। जिल्लामा कूल एक लाख २५ हजार सात सय ६६ मतदाता रहेका थिए। समानुपातिकतर्फको मतगणना अझै जारी रहेकाले त्यसतर्फ बदर भएको मतको विवरण आउन बाँकी रहेको निर्वाचन कार्यालयले जनाएको छ।

उक्त निर्वाचनमा ध्रुवराज राई (श्रम संस्कृति पार्टी) १६ हजार छ सय ६३ मत प्राप्त गर्दै विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी शेरधन राई (नेकपा एमाले) ले १४ हजार सात सय ५० मत प्राप्त गरेका थिए।

# यी हुन् ३५ वर्षमुनिका माननीयहरू

गत भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनपछि सिर्जित विशेष राजनीतिक परिस्थितिबीच सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा रहेको छ। अधिकांश निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ भने समानुपातिकतर्फको मतगणना प्रक्रिया अझै जारी छ। तर, यसपटकको निर्वाचनले नेपाली राजनीतिमा नयाँ पुस्ताको बलियो प्रवेश गराएको छ।

यसपटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ३५ वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन्। पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बाक्लो देखिने भएको छ। विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उम्मेदवारी दिएका धेरै युवा पुस्ताले विभिन्न निर्वाचन क्षेत्रमा प्रभावशाली मतसहित विजय हासिल गरेका छन्। उनीहरूको जितले नयाँ सोचलाई अवसर दिन चाहेको सन्देश पनि दिएको छ।

अब संसद्मा प्रवेश गरेका यी युवा सांसदहरूले जनताले राखेको अपेक्षा कत्तिको पूरा गर्न सक्छन् भन्ने हेर्न बाँकी नै छ। यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा भने पक्कै दिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट ३५ मुनिका २० जना उम्मेदवार निर्वाचित भएका छन्।

त्यसैगरी नेपाली कांग्रेसबाट एक, श्रम संस्कृति पार्टीबाट एक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना गरी यसपटक २३ जना ३५ वर्षमुनिका उम्मेदवारले प्रत्यक्ष चुनाव जितेका छन्। ३५ वर्षमुनिका सांसदको अग्रसूचीमा छन्, ३० वर्षीया सोविता गौतम। दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिएकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय सदस्य रहेकी गौतम चितवन-३ बाट विजयी भएकी हुन्।

उनले ५९ हजार दुई सय ७७ मत ल्याएर विजयी भएकी हुन्। गौतमको निकतम् प्रतिस्पर्धी रेणु दाहालले २० हजार छ सय १५ मत प्राप्त गरेकी थिइन्। ३० वर्षको उमेरमा उनी दोस्रोपटक प्रतिनिधिसभाको सांसद भएकी हुन्। उनले २०७९ सालको प्रतिनिधिसभामा काठमाडौं-२ बाट जित हासिल गरेकी थिइन्। कानूनमा स्नातक गरेकी अधिवक्ता गौतमले अत्यधिक मतका साथ विजयी भएकी हुन्।

पैंतीस वर्षमुनिकै अर्का सांसद हुन् सुलभ खरेल। २०५४ साल भदौ बुटवलमा जन्मिएका खरेल २८ वर्षको उमेरमा नै सांसद बन्ने अर्को उम्मेदवार हुन्। उनी प्रतिनिधिसभा सदस्यको चुनावमा रूपन्देही-२ बाट ५६ हजार



पाँच सय ५० मत ल्याएर विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी पूर्व अर्थमन्त्री रहेका नेकपा (एमाले)का उम्मेदवार विष्णु पौडेलले १२ हजार आठ सय ६१ मत ल्याएका थिए। खरेलले नेपाल ल क्याम्पसबाट पाँच वर्षे बिए-एलएलबी अध्ययन गरेका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा मोरङ क्षेत्र नम्बर ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उम्मेदवार रुविना आचार्य विजयी भएका छन्। विराटनगरमा जन्मिएकी आचार्यले ५५ हजार पाँच सय १३ मत ल्याउँदा उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार डा. शेखर कोइरालाले १२ हजार आठ सय ५० मत ल्याएका थिए।

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यको चुनावमा बदनकुमार भण्डारी विजयी भएका छन्। भुम्लु गाउँपालिका-२ मा जन्मिएका बदनले ५३ हजार तीन सय ४४ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार मधुप्रसाद आचार्यले १७ हजार आठ सय ६८ मत ल्याएका थिए। भण्डारी ई-कमर्स व्यवसायी तथा मिडियाकर्मी समेत हुन्। ३३ वर्षीय भण्डारीले स्नातक (बिए) उत्तीर्ण गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट झापा क्षेत्र नम्बर १ बाट निर्वाचित २९ वर्षीया निशा डाँगी पनि कलिलो उमेरमा नै सांसद बनिन्। उनी २०७९ को प्रतिनिधिसभा सदस्यमा समानुपातिकबाट सांसद बनेकी थिइन्। डाँगीले यसपटक प्रत्यक्षतर्फको उम्मेदवार बन्ने अवसर पाइन्। उनले ४५ हजार छ सय ८० मतसहित विजय हासिल गरिन्। डाँगीको निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार केशवराज पाण्डेले १० हजार पाँच सय ५० मत ल्याएका थिए। वि.सं. २०५३ मा झापाको भद्रपुर नगरपालिकामा जन्मिएकी डाँगीले काठमाडौंको जया मल्टिपल क्याम्पसबाट सामाजिक कार्यमा स्नातक र त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गरेकी छन्।

२६ वर्षीय मनीष खनाल पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट नवलपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। उनले ४१ हजार तीन सय ४७ मतसहित विजयी भएका हुन्। उनको निकटतम प्रतिस्पर्धी एमालेका उम्मेदवार तिलबहादुर महत क्षेत्रीले १५ हजार सात सय ५५ मत ल्याएर उपविजेता भएका थिए। मध्यविन्दु नगरपालिका-६ निवासी खनाल वि.सं. २०५६ असार ११ गते जन्मिएका हुन्। उनले नेपाल ल क्याम्पसबाट कानून विषयमा स्नातक अध्ययन गरेका छन्।

२८ वर्षीय बब्लु गुप्ता पनि निर्वाचित भएका छन्। उनले सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट प्रतिनिधिसभा सदस्यमा विजय हासिल गरेका हुन्। सामाजिक सेवामा सक्रिय गुप्ताले स्नातकसम्मको अध्ययन पूरा गरेका छन्। उनले ४१ हजार तीन सय २२ मतसहित विजय हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरीले नौ हजार सात सय ७४ मत ल्याएका थिए।

रास्वपाबाटै ३५ वर्षमुनिका निर्वाचित उम्मेदवार मध्ये अर्को नाम हो सन्तोष राजवंशी। ३४ वर्षीय राजवंशी मोरङ-४ बाट विजयी भएका छन्। सिराहा-२ बाट रास्वपाकै ३० वर्षीया शिवशङ्कर यादव पनि निर्वाचित भएका छन्। रास्वपाबाटै ३३ वर्षीय तपेश्वर यादव पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट निर्वाचित भएका छन्। रास्वपाबाटै महोत्तरी-२ मा ३४ वर्षीय दीपककुमार साह निर्वाचित भए। महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित भएका छन्।

काठमाडौं-५ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार २९ वर्षीय सस्मित पोखरेल निर्वाचित भएका छन्। २०५२ फागुन १ गते काठमाडौंमा जन्मिएका पोखरेलले कानूनमा स्नातक गरेका छन्। उनी रास्वपाका केन्द्रीय सदस्य तथा सहप्रवक्ता हुन्।

काठमाडौं महानगरपालिका कार्यालयमा सह-विशेषज्ञ भएर काम गरेका पोखरेलको महानगरका सेवा-प्रवाह, कार्यक्रम/परियोजना कार्यान्वयन र नतिजा निकाल्ने कार्यान्वयन क्षमता छ। उनले काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहका सल्लाहकार भएर काम गरिसकेका छन्। पोखरेलले सांसद कार्यालयमा प्रमुख सहायक भएर काम गरिसकेका छन्। उनमा नीति/अनुसन्धान, जनगुनासा व्यवस्थापन, टोली परिचालन र समन्वय मार्फत काम 'टुंग्याउने' कार्यालय व्यवस्थापन नेतृत्व छ।

मकवानपुर-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका २५ वर्षीय प्रशान्त उप्रेतीले चुनाव जितेका छन्। २०५७ सालमा मकवानपुरमा जन्मिएका उप्रेती पेसाले पर्यटन उद्यमी हुन्। उनले पर्यटन व्यवस्थापनमा स्नातक गरेका छन्।

निर्वाचित हुने अर्का ३४ वर्षीय उम्मेदवारको अर्को नाम हो सागर ढकाल। रास्वपाकै तर्फबाट गुल्मी- १ बाट उनी निर्वाचित भएका छन्। गुल्मीको सत्यवती गाउँपालिका-६, पीपलनेटा स्थायी ठेगना भएको ढकाल पेसाले इञ्जिनियर हुन्।

३५ वर्षमुनिको अर्का सांसद हुन् प्युठान-१ बाट निर्वाचित ३१ वर्षीय सुशान्त वैदिक। काठमाडौं- १ बाट निर्वाचित र ३५ वर्षमुनिका अर्को चर्चित नाम हो, रञ्जु न्यौपाने (दर्शना)। वैकल्पिक राजनीतिका रूपमा उदाएकी ३० वर्षीया रञ्जुले स्नातक तहसम्मको अध्ययन गरेकी छन्।

रास्वपाकै अर्का निर्वाचित सांसद हुन् ३४ वर्षीय सोम शर्मा। उनी बाग्लुङ-२ बाट निर्वाचित भएका हुन्। रास्वपाकै तर्फबाट स्याङ्जा-२ का उम्मेदवार झविलाल डुम्रेले २५ हजार तीन सय ५४ मत ल्याएर विजयी भएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीबाटै सप्तरी-२ का उम्मेदवार ३० वर्षीय रामजी यादव २८ हजार चार सय चार मत ल्याएर विजयी भएका छन्। कैलाली-२ का रास्वपा उम्मेदवार केपी खनालले १९ हजार ५७ मत ल्याएर विजयी भएका छन्। २६ वर्षीय खनालले १३ वर्षदेखि सामाजिक अभियानमा सक्रिय, 'क्लिन काष्ठमण्डप' र 'काठमाडौं ट्र्यास कलेक्सन' जस्ता देशव्यापी सरसफाइ अभियानको नेतृत्व समेत गरेका छन्। 'मैना देवी फाउन्डेसन' मार्फत बाजुरामा अनाथालय स्थापना, कोरोनाकालमा दुई सयभन्दा बढी गरीब परिवारलाई सहयोग तथा 'भोकै छ हुम्ला' जस्ता मानवीय अभियानको नेतृत्व लिएका थिए।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिराहा-४ बाट ३३ वर्षीय तपेश्वर यादव निर्वाचित भएका छन्। महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित छन्।

त्यसैगरी प्यूठान-१ उम्मेदवार ३१ वर्षीय सुशान्त वैदिक निर्वाचित भएका छन्। नेपाली कांग्रेसबाट भने ३२ वर्षीय योगेश गौचन थकाली मुस्ताङ-१ बाट निर्वाचित भएका छन्। त्यसैगरी, जुम्ला-१ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ३४ वर्षीय ज्ञानबहादुर शाही निर्वाचित भएका छन् भने श्रम संस्कृति पार्टीबाट २९ वर्षीय आरेन राई खोटाङ-१ बाट निर्वाचित भएका छन्।

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४५५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाइहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
डा. पिताम्बर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क :
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३-५३५९७३
बिर्तामोड, झापा

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)